फोन/फ्याक्सः ०६६-५२०१३२

निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

लमजुङ

२०६१

प. स. ०७८/७९
च. नं. १३

मिति:२०७८/०५/१५

**बिषय – सूचना प्रवाह गराईदिने सम्बन्धमा।**

श्री जिल्ला समन्वय समिति, लमजुङ
श्री स्थानीय तह सबै, लमजुङ ।

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०७८ साल भाद्र १३ को निर्णय बमोजिम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी –लेनिनवादी ) नामक राजनीतिक दलबाट निर्वाचित प्रदेश सभा सदस्य तथा स्थानीय तहका सदस्यले उक्त दलबाट छुट्टिई वनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नामक राजनीतिक दलमा र जनता समाजवादी पार्टी , नेपाल नामक राजनीतिक दलवाट निर्वाचित प्रदेश सभा सदस्य तथा स्थानीय तहका सदस्यले उक्त दलवाट छुट्टिई बनेको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहेमा मिति २०७८।०५।२२ गते ५ बजे भित्र जिल्ला निर्वाचन कार्यालयमा स्वयम् उपस्थित भई सनाखत गर्न सकिने भएकोले दल परिवर्तन गर्न चाहने जन प्रतिनिधिहरुलाई देहायका कागजात सहित जिल्ला निर्वाचन कार्यालयमा सम्पर्कको लागि सूचना प्रवाह गराईदिनु हुन अनुरोध छ ।

**तपशिल**

१) सक्कल नागरिकता वा मतदाता परिचय पत्र, (प्रतिलिपि सहित)
२) निर्वाचित भएको प्रमाणपत्र वा सम्बन्धित स्थानीय तहबाट जारी भएको परिचयपत्र वा प्रमाणित पत्र ।

**(पुनश्च: निर्वाचित भएको साविक दलमा नै रहिरहने भएमा सनाखत गरिरहन नपर्ने)**

............................
(सजना मिश्र)
जिल्ला निर्वाचन अधिकारी